मितिः२०७९/०१/०९

# प्रेस विज्ञप्ती

पाङ्चा नागी चखेवा सडक ऋण असुल समितिको मिति २०७९/०१/०३ गतेको प्रेस विज्ञप्ती एवंम् मिति २०७९/०१/०८ गते ब्लाष्ट टाईम्स पत्रिकामा प्रकाशन भएको आपतिजनक समाचारले मेरो ध्यानाकर्षण भएको छ। सर्वप्रथम विज्ञप्तीमा भनिए जस्तै ऋण दाताहरुले कसलाई, कहाँ र कुन शर्तमा ऋण दिएको/लिएको हो अविलम्ब फिर्ता गर्न सम्बद्ध पक्ष समक्ष जोडदार माग गर्दै यस विज्ञप्ती प्रति ऐक्यवद्धता जनाउदछु। तर धरानबाट प्रकाशित ब्लाष्ट टाईम्सले प्रकाशन गरेको उक्त समाचार प्रति घोर आपती प्रकट गर्दछु। समाचारमा मेरो आफ्नो नाम र आमचोक गाउँपालिकाको नाम उल्लेख गरेर लेखिएको समाचार सरासर गलत तथा भ्रामक समाचार रहेको जानकारी गराउदछु। यस्ता गलत एवंम् भ्रामक समाचारको कारणले भ्रममा नपर्न सम्पूर्णमा अपिल समेत गर्दछु।

आर्थिक बर्ष २०६३/०६४ देखि आर्थिक बर्ष २०६९/०७० सम्म म आफू अध्यक्ष रहि पारदर्शी ढंगले सडक निर्माण कार्य भएको यथार्थ हो। यस आर्थिक बर्षहरुमा हामीले गरेको काम प्राविधिक इस्टिमेट अनुसार सम्झौता भइ काम भएको सार्वजनिक लेखा परीक्षण र लेखा परीक्षण भएको, फच्र्यौंट लिई कार्य सम्पन्नको पत्र समेत लिएको हो। तर २०७० साल मंसिर ५ गतेको दोस्रो संविधान सभाको निर्वाचन पश्चात तत्कालिन नव निर्वाचित माननीय सभासद शेरधन राई ज्यूको मौखिक सुझाव र आदेशमा ऋण लिएर अर्को दोस्रो समिति गठन गरी बाटो खनिएको कुरा यहाँहरु आम सर्वसाधारण नागरिक, व्यवसायी, वुद्धिजीवि र ऋण दाताहरुलाई अवगत नै छ। तर आर्थिक बर्ष २०७०/०७१ मा निर्वाचन क्षेत्र विकास बजेट मार्फत रु. १३ लाख बजेट विनियोजन भई उक्त समिति अध्यक्ष (साबिक बालंखा-४) हाल आमचोक-४ निवासी श्री डम्बर बहादुर कार्की, कोषाध्यक्षमा (साबिक बालंखा-५) हाल आमचोक-४ निवासी श्री नेत्र बहादुर खत्री नेतृत्वको समितिले योजना सम्झौता गरेको हो तर बजेट विनियोजन हुन भन्दा अगाडि इस्टिमेट सम्झौता हुनु भन्दा ६ महिना अगाडि मौखिक आदेशको भरमा खनिएको पुरानो बाटो मुल्याङ्कन नगर्ने उक्त बजेटले नयाँ काम गर्नुपर्ने भोजपुरका तत्कालिन स्थानीय विकास अधिकारी, जिल्ला प्राविधिक कार्यालयको ईन्जिनियर, जिल्ला स्थित सर्वदलीय अनुगमन समितिको निर्णय बमोजिम उक्त बजेट फ्रिज भएकोले ऋण बाँकी रहेको कुरा

अशोक राई
अध्यक्ष

बुझिएको हो। उक्त समयमा म आफूले एउटा योजनामा दुईवटा उपभोक्ता समिति बनाउदा अन्योल र विवादित हुने भएकोले कि पुरानै समितिलाई जिम्मेवारी दिनुपर्ने वा पुरानो समिति विगठन गरेर अगाडि बढौ भन्दा भन्दै नाङ्गो राजनीतिक चलखेल, पुर्वाग्रह र षडयन्त्रका कारण सहमत हुन नसकेपछि बृहत उपभोक्ता भेला बोलाई म आफूले राजिनामा समेत पेश भइ स्वीकृत भइसकेकों हुदाँ यसमा मेरो कुनै संलग्नता नरहेको कुरा अवगत गराउदछु।

यस समाचारमा भनिए जस्तो कहि कतै कुनै प्रक्रियामा कुनै लेनदेनमा मेरो संलग्नता रहेको छैन। कसैबाट मेरो सल्लाहले र मेरो हातमा एक रुपैया पैसा दिएको छैन। कहि कसैलाई ऋण दिनुहोस् भनि ऋण मागेको छैन। एक्साभेटर (डोजरवाला) साहु, सञ्चालक तथा निर्माण व्यवसायीसंग म र मेरो समितिले सम्झौता गरेको छैन। तर आमचोक-४ निवासी श्री शिवदेव राईले दिएको ऋणमा मेरो संलग्नता नरहेपनि वहाँको बारम्वार अनुरोधको कारण अनुमानित रु. ४१०,०००।- (अक्षरुपी चार लाख दश हजार।) रकमको कागजमा म र आमचोक गाउँपालिका वडा नं. १० निवासी श्री बहादुर राईले हस्ताक्षर गरिदिएको साँचो हो। अरु बाँकी म र मेरो नेतृत्वको समितिले कहिकतै कारोवार गरेको भर्पाइ, तमसुक नरहेको कुरा अवगत गराउदछु। २०७४ सालमा यस समिति पुनर्गठन गरी आमचोक-१०निवासी श्री बहादुर राई अध्यक्ष भई गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को विनियोजित बजेट समेत सञ्चालन गरि सक्नु भएको हुदाँ म आफू उक्त समितिको कही कतै कुनै जिम्मेवारीमा नरहेको समेत जानकारी गराउदछु। स्मरण रहोस् प्रचलित कानून विपरित कुनै पनि ऋण तिर्नको लागि राज्यले सोझै भुक्तानी गर्न नसक्ने व्यहोरा समेत अवगत गराउदछु। कोही कसैबाट ऋण म आफूले लिएको हो वा कुनै सम्झौता गरेको हो भन्ने पुष्टी गरेर देखाउन चुनौती समेत दिन चाहान्छु। धन्यवाद।

अशोक राई
अध्यक्ष
आमचोक गाउँपालिकाको कार्यालय